# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

## *Serving the Nation*
## *and*
## *the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री सुनकोशी गाउँपालिका,
सिन्धुपाल्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल


**(बाग्मती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः ०७६।७७ च.नं.९६१ मितिः २०७७/०३/२५

श्री प्रमुखज्यू,
सुनकोशी गाउँपालिका,
सिन्धुपाल्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले सुनकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.७३ लाख ८६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु.३२ लाख ६९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२३ लाख ८० हजार र पेश्की बाँकी रु. १४ लाख ४० हजार रहेको छ ।

३.. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०६/०८ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सो प्रतिवेदन उपर प्राप्त प्रमाण कागजात सहितको प्रतिकृयाका आधारमा फछ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १७ यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अर्न्तगत ७ वडा, ३८ जना गाउँसभा सदस्य, १४३.७५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८५५० जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **वित्तीय हस्तान्तरण केन्द्र** | |
| | क) धरौटी | ८६०२४.०० | | क) वित्तीय समानीकरण अनुदान | ११४८१२९८५.२३ |
| | ख) बैंक | ८८५४७०४.७२ | | ख) सशर्त अनुदान | १२८७१९४४१.११ |
| २ | **आन्तरिक आय** | १०१९६९१४.४६ | २ | **आन्तरिक आय** | ५६०५७६३.०० |
| ३ | **वित्तीय हस्तान्तरण केन्द्र** | | ३ | **केन्द्रिय रावस्व बाँडफाँड** | ४०४९९४२०.०० |
| | क) वित्तीय समानीकरण अनुदान | १०५२०००००.०० | ४ | **स्थानीय पूर्वाधार विकास** | ६३०००००.०० |
| | ख) सशर्त अनुदान | १३७२५८०००.०० | ५ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | ३०४६४८.०० |
| ४ | **केन्द्रिय रावस्व बाँडफाँड** | ३८०९४७८१.३२ | ६ | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | ४०१३८८३६.०० |
| ५ | **प्रदेश सरकारबाट अनुदान** | ०.०० | ७ | **स्थानीय तह क्षमता विकास** | ३०५०००.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ७७६३०००.०० | ८ | **गरिवसँग विश्वेश्वर** | ३९४०००.०० |
| | ख) सशर्त अनुदान | १६०४६०००.०० | ९ | **प्रदेश सरकारबाट अनुदान** | |
| | ग) सवारीकर बाँडफाँड | १३०११५५४.२० | १० | क) वित्तीय समानीकरण अनुदान | ७६५५०००.०० |
| ६ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ०.०० | | ख) सशर्त अनुदान | १५४२४५७०.०० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | ०.०० | ११ | **धरौटी फिर्ता** | १०१५८६.०० |
| ८ | **स्थानीय पूर्वाधार विकास** | ६३०००००.०० | १२ | **को.ले.नि.का.मा निकासा फार्ता** | |
| ९ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | ३२१२०००.०० | | क) जेष्ठ नागरिक र सामाजिक सुरक्षा | २४३१६४.०० |
| १० | **एल.जि.सी.डी.पी.** | ०.०० | | ख) सशर्त अनुदान | ८५३८५५८.८९ |
| ११ | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | ४०३८२०००.०० | | ग) प्रधानमन्त्री रोजगार कार्यक्रम | २९०७३५२.०० |
| १२ | **स्थानीय तह क्षमता विकास** | ३०५०००.०० | १३ | **प्रदेश सशर्त अनुदान फिर्ता** | ६२१४३०.०० |
| १३ | **गरिवसँग विश्वेश्वर** | ३९४०००.०० | १४ | **मौज्दात** | |
| १४ | **धरौंटी आय** | ७२५०९८.०० | | क) धरौटी मौज्दात | ७०९५३६.०० |
| १५ | **कर्मचारी कल्याण कोष** | १४०००००.०० | | ख) संचितकोष मौज्दात | १४१६६४८७.९७ |
| | | | | ग) मर्मत संभार कोष | २६७०५०.५० |
| | | | | घ) विपद व्यवस्थापन कोष | ४५७३९.०० |
| | | | | ड) कर्मचारी कल्याण कोष | १४०००००.०० |
| | | | | च) आन्तरिक आम्दानी कोष खाता | ६८५०९.०० |
| | **जम्मा** | ३८९२२९०७६.७० | | **जम्मा** | ३८९२२९०७६.७० |

<table>
<tr><th>दफा</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१.</td><td>

**वित्तीय विवरण :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाकलेप्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै गाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचरमा भएको खर्च बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा गाउँपालिकाका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।
- नेपाल बैंक लिमिटेड र लक्ष्मी बैंकमा गाउँपालिकाका संचित तथा खर्चखाताहरु रहेको पाईएकाले गाउँपालिकालाई पाएक पर्ने गरी कुनै एक बैंकमा संचितकोष खाता तथा खर्च खाताहरु संचालन गरी लेखा श्रेस्ता अध्यावधिक गर्नुपर्छ ।

त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>२.</td><td>

**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने भए नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । गाउँपालीकाले आर्थिक वर्ष २०७५/७६ को आन्तरिक लेखापरीक्षण गराएको देखिएन । समयमा आन्तरिक लेखापरीक्षण नगराउँदा गाउँपालिकाको आर्थिक कारोबार नियमित, मितव्ययी र कार्यदक्षतपूर्ण ढंगबाट सञ्चालन भएको छ भन्न सकिने अवस्था रहेन । गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई चौमासिकरुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउने र प्रतिवेदन लिने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

मिति २०७६/०३/०९ मा कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुपाल्चोकालाई आन्तरिक लेखापरीक्षणको लागि अनुरोध गरेको तर को.ले.नि.का.बाट आन्तरिक लेखापरीक्षणको लागि जनशक्ति अभाव रहेको जनाई आन्तरिक लेखापरिक्षण नगरेको गाउँपालिकाको भनाई रहेको छ ।

</td><td></td></tr>
<tr><td>३.</td><td>

**वजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाको उपप्रमुख श्री लक्ष्मी पौडलले मिति २०७५/०३/३१ मा गाउँसभा समक्ष रु.३५ करोड २ लाख ४४ हजार बजेट पेश गर्नु भएकोमा सोही मितिमा नै बजेट पारित भएको छ । त्यसैले तोकिएको समायमा आय र व्ययको अनुमान पेश गरी पारित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>४.</td><td>

**पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७५/०३/३१ मा गाउँसभाबाट पारित पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ ।

<table>
<tr><th>क्र.स.</th><th>क्षेत्र</th><th>बजेट</th><th>कुल पूर्वाधार बजेटको तुलनामा प्रतिशत</th></tr>
<tr><td>१</td><td>सडक</td><td>५८१८८०००.००</td><td>६९.३४</td></tr>
<tr><td>२</td><td>भु-क्षय तथा ढल</td><td>९१५००००.००</td><td>१०.९०</td></tr>
<tr><td>३</td><td>खानेपानी</td><td>८१२५०००.००</td><td>९.६८</td></tr>
<tr><td>४</td><td>खेलमैदान</td><td>४००००००.००</td><td>४.७७</td></tr>
<tr><td>५</td><td>विद्यालय भवन तथा शौचालय</td><td>२८५००००.००</td><td>३.४०</td></tr>
<tr><td>६</td><td>सिंचाई</td><td>१४०००००.००</td><td>१.६७</td></tr>
<tr><td>७</td><td>झोलुङ्गे पुल</td><td>२०००००.००</td><td>०.२४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८३९१३०००.००</td><td>१००</td></tr>
</table>

उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण, भु-क्षय तथा ढल निर्माण, खानेपानी योजनामा क्रमश: ६९.३४%, १०.९०% र९.६८% बजेट व्यवस्था गरी खर्च गरेको छ ।

</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ५. | **लक्ष्य प्रगतिको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाउँपालिका र वडा स्तरिय आयोजनाहरुको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार पारेको देखिएन । गाउँपालिकाले सञ्चालन गरेका विकास कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगती झल्किने गरी प्रगती विवरण तयार गर्नुपर्दछ । | |
| ६. | **वार्षिक खरिद योजना/गुरुयोजना :**सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो वर्ष रु.१७,०१,२६,७२१/- को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ७. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>● गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको ।<br>● गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पूर्ण रुपमा लागू गरेको छैन ।<br>● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>● विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>● कार्यालयले कार्यक्रमगत तथा योजनागत खाता नराखेको तथा नगरपालिकाबाट संचालित कार्यक्रम, योजना संचालन तथा सेवा प्रवाह समेतको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छैन् ।<br>● गाँउपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत पूर्ण रुपमा प्रयोग गरेको छैन ।<br>● मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।<br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| ८. | **कर्मचारी व्यवस्थापन** : स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम कर्मचारी समायोजन तथा पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा विभिन्न पदका ३२ दरबन्दी स्वीकृत रहेतापनि लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११ जना पदपूर्ती भएको देखिन्छ । जसमध्ये १ जना इन्जिनियर सहित ८ जना करार बाट पदपुर्ति गरिएको छ । कार्यलयबाट प्राप्त विवरण अनुसार कार्यालयको समग्र कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शाखा अधिकृत, शिक्षा अधिकृत सहित २१ पदहरु लामो समय देखी रिक्त रहेका छन् । जसबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा प्रत्यक्ष असर पार्ने देखिन्छ । त्यसैले रिक्त दरबन्दी पदपूर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९. | **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तगर्तका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ७ | ७ | ५ | २ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाका ७ वटा वडा सचिवको दरबन्दी रहेकोमा ५ जना पदपुर्ति तथा २ जना रिक्त रहेको छ ।

१०. **न्यायिक समिति र न्याय सम्पादन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

| गत आ.व.बाट जिम्मेवारी सरेका | दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|---|
| ० | १२ | ५ | ७ |

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११. **न्याय सम्पादनमा ढिलाई :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९मा न्यायिक समितिमा विवाद दर्ता भएको मितिले ३ महिना भित्र आवश्यक फट्यौट गरी सक्नुपर्ने व्यवस्था गरेको छ । तर गाउँपालिका न्यायिक समितिमा मिति २०७६/०१/२९ भन्दा अघि दर्ता भएका ४ वटा विवादहरु लेखापरीक्षण अवधि सम्म समेत निरुपण तथा फछ्र्यौट भएको पाईएन । त्यसैले दर्ता हुनआएका विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१२. **स्थानीय कानुन निर्माण र कार्यान्वयन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार गाउँपालिकाले हाल सम्म ७ वटा कानुन तर्जुमा गरी स्वीकृत भएकामा ६ वटा कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित भएका छन् भने तपसिल बमोजिमको कानून स्थानीय राजपत्रमा प्रकाशित भएको छैन । त्यसैले स्वीकृत कानुन तोकिए बमोजिम राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

| **क्र.स.** | **कानूनको नाम** | **गाउँ सभाबाट स्वीकृत भएको मिति** |
|---|---|---|
| १. | अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७६ | २०७६/०३/३१ |

१३. **चौमासिक खर्च :** गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक बजेट खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको मात्रखर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | वित्तीय सामानीकरण केन्द्र | ८०९०२ | २१६४१ | २०९४१ | ३८३२० | २४१३८ |
| २ | रावस्व बाँडफाँड | ४०४९९ | ० | ११५०२ | २८९९७ | १९७४६ |
| ३ | प्रदेश सरकार | २३०८० | १८०० | ७११० | १४१७० | ११३५० |
| ४ | निर्वाचन क्षेत्रे विकास | ६३०० | ० | ० | ६३०० | ४३८० |
| ५ | आन्तरिक स्रोत | ५६०६ | ५१५ | २१७१ | २९२० | १४९९ |
| **जम्मा** | | **१५६३८७** | **२३९५६** | **४१७२४** | **९०७०७** | **६१११३** |
| **प्रतिशत** | | **१००** | **१५.३२** | **२६.६८** | **५८** | **३९.०८** |

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ५८ प्रतिशत र आषाढ महिनामा मात्र ३९.०८ प्रतिशत रकम खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिए बमोजिम व्यवस्थित बनाउनु पर्दछ ।

१४. **भ्रमण खर्च :** प्रदेश नं. ३ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

- गाउँपालिकाले यस वर्ष अनुगमन तथा दैनिक भ्रमण खर्च वापत रु.२०,२६,०००.०० खर्च (योजना

कन्टेनजेन्सी बाहेक) लेखेको छ ।

- स्पष्ट उद्देश्य तथा प्रयोजन बेगर गाउँपालिकाबाट भएका अधिकांश भ्रमणमा काठमाडौं स्थित संघका विभिन्न मन्त्रालय तथा स्थानीय तहमा गएको देखाईएको छ ।
- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु गाउँपालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थामा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१५. **खरिद कार्यमा प्रतिस्पर्धाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउने गरी खरिद कारबाही सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ठेक्का व्यवस्थापन गरेका निम्न खरिद कार्यमा प्रतिस्पर्धाको अवस्था यस प्रकार रहेको छ :

**रु.हजारमा**

| **ठेक्का नं.** | **कार्य विवरण** | **लागत अनुमान** | **बोलपत्र संख्या** | | **सम्झौता रकम** | **घटी प्रतिशत** |
|---|---|---|---|---|---|---|
| | | | **बिक्री** | **दर्ता** | | |
| १/०७५/७६ | सुकुटे उखुबारी पूरानाकोट मिलडाँडा सडक | ३८९९०८९ | ३ | ३ | ३८९२१९५ | ०.१७ |
| २/०७५/७६ | सियाले खोला कजवे | ४१३००७५ | ३ | ३ | ४१२३७६६ | ०.१५ |

उपरोक्त विवरण अनुसार कार्यालयबाट यसबर्ष संचालन भएका खरिद कार्यहरु मध्ये बोलपत्रका माध्यमबाट खरिद गरिएको २ ठेक्काको कबोल अंक र सम्झौता रकम लागत अनुमानको तुलनामा ०.१७ र ०.१५ प्रतिशत घटी रहेको छ । जसबाट खरिद कार्यमा उल्लेखनिय प्रतिस्पर्धी र मितव्ययी भएको देखिएन । त्यसैले खरिद कारबाही प्रतिस्पर्धी बनाउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

१६. **चौमासिक ठेक्का व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद विधि निर्धारण गर्ने र आर्थिक कार्यविधि नियमावली, २०६८ को नियम २०(३) मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष स्थानीय सडक तथा पुल निर्माण कार्य बोलपत्र र उपभोक्ता समिति मार्फत बर्षै भरी गरेको देखियो ।

| क. सं | ठेक्काको नाम | ठेक्का सम्झौता हजारमा | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम/दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १. | सुकुटे उखुबारी पूरानाकोट मिलडाँडा सडक | १ | ३८९२ | | | १ | ३८९२ | १ | ३८९२ |
| २. | सियाले खोला कजवे | १ | ४१२४ | | | १ | ४१२४ | १ | ४१२४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | २ | ८०१६ | | | २ | ८०१६ | २ | ८०१६ | |

१७. **योजना र कार्यान्वयन :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्तहुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले योजना तर्जुमा गर्दा तद्नुसार सहभागितामुलक योजना तर्जुमा गरी कार्यान्वयन गरेता पनि मध्यम तथा दीर्घकालिन प्रकृतिको उत्पादनमुलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरेको एंव दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको छैन । यो वर्ष गाउँपालिकाले पुँजीगत तर्फ रु. १४ करोड १५ लाख ८५ हजारका १६८ वटा योजनाहरुमा विनियोजन गरेको छ । जस अन्तर्गतगाउँपालिकास्तरिय योजना २१ वटाको रु. ७ करोड ३८ लाख ८५ हजार, वडा न. १ मा १४ योजनाको रु. ६० लाख, वडा न. २ मा १९ योजनाको रु. ६५ लाख, वडा नं. ३ मा २४ योजनाको रु. ६० लाख, वडा न. ४ मा १४ योजनाको रु. ७० लाख, वडा न. ५ मा ४१ योजनाको रु. ६० लाख, वडा न. ६ मा १३ योजनाको रु. ६० लाख, वडा न. ७ मा २२ योजनाको रु. ६० लाख र गाउँपालिका कार्यालयतर्फ रु. ८२ लाख को योजना तर्जुमा तथा कार्यान्वयन गर्ने लक्ष्य रहेको छ । यसरी स-साना र छरिएर रहेका योजनाले मध्यम तथा दीर्घकालका लागि उत्पादन तथा प्रतिफलमूलक नतिजा नदिने हुँदा सीमित तर मध्यम र दीर्घकालिन प्रकृतिका आयोजना तथा कार्यक्रम छनौट गरिनुपर्दछ ।

१८. **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । जसको कारण विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।

१९. **आयोजना हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवार समेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गरी निर्मित आयोजनाहरुको दिगोपना तथा सु-सञ्चालनको लागि मर्मत सम्भार कोषको व्यवस्था गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ ।

२०. **हेभी इक्विपमेण्टको प्रयोग**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालन हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर यस गाउँपालिकाले विभिन्न निर्माण कार्यमा हेभि मेसिन तथा उपकरण प्रयोग गर्नुपर्ने अस्वथामा समेत निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्ने गरेको देखिएको छ । साथै उपभोक्ता समिति मार्फत निर्माण भएका कार्यमा हेभी मेसीन प्रयोग गरिएको र उक्त कार्य अन्य निर्माण व्यावसायीवाट गराएका केही उदाहरण यस प्रकार छन् :

| उपभोक्ता समिति र निर्माण कार्य | लागत अनुमान | गाँउपालिकाले व्यहोर्ने समझौताको रकम | कार्य गरेको | भुक्तानी |
|---|---|---|---|---|
| वाडा नं. १ स्थित छात्रावास सल्लेनी डिप | ३५३९५२० | २९१०००० | ३५४१५२० | DTH Rock drilling pvt ltd. rs 2910000 |

| | | | | |
|---|---|---|---|---|
| रायोधार चोरगाँउ तिर्ने डाडाकोरी काफले जाडान मर्मत | १०८०२३३ | ९७०००० | १०८५९५५ | JCB 970000 |

२१. **जटिलसंरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमवाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

२२. **कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा पुँजिगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत भन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चवाट ३ प्रतिशत कन्टिन्जेन्सी कट्टागर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्च खाता खडा गरी राखेको देखिएन । यस वर्ष कार्यालयले रु.२६ लाख ६८ हजार कन्टिन्जेन्सी खर्च गरेकोमा उक्त खर्चको अभिलेख व्यवस्थित गरी राखेको देखिएन । कन्टिन्जेन्सी खर्च खाता तयार पारी नियन्त्रण गरिनुपर्दछ ।

२३. **योजनाको लागत अनुमान:**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार कार्यालयले विभिन्न संरचना निर्माण कार्यको दर विश्लेषण गर्दा फरक नर्म्स प्रयोग गरी लागत अनुमान तयार पारेको देखियो । जसको कारणबाट त्यस्ता योजनाहरुको तुलानात्मक रुपमा लागत अनुमान बढी भएको देखियो । उपभोक्ता समितिहरुसँग लागत अनुमानको दरमा नै सम्झौता हुने र सोही दर अनुसार नै भुक्तानी भएको हुँदा देहायका योजनाको लागत रु.२६७७६२.१७ ले बढन गएको छ । यसरी फरक नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्ने प्राविधिकहरुलाई जिम्मेवार बनाई योजनाको लागत अनुमान तयार गर्दा नेपाल सरकारको स्वीकृत नर्म्सको प्रयोग गरी दर विश्लेषण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| **भौ.नं./मिति** | **योजनाको नाम/ विवरण** | **कार्य परिमाण ( घ.मी.)** | **प्रति घ.मी. थप लागत** | **बढी भुक्तानी रु.** |
|---|---|---|---|---|
| १२-२०७५/११/१२ | कार्कीटोल सल्लेनी सडक मर्मतको कडा माटो खन्ने कार्यको दर निर्धारण गर्दा स्वीकृत नर्म्स अनुसार अदक्ष कामदार ०.६ प्रयोग गर्नुपार्नेमा ०.८ प्रयोग गरेको (जिल्ला दर रेट अदक्ष कामदारको रु.६६५) | १०३.८२ | १३७ | १४२२३.३४ |
| १२-२०७५/११/१२ | कार्यालयले कार्कीटोल सल्लेनी सडक मर्मतको स्टोन सोलिङ कार्यको स्वीकृत नर्म्स अनुसार रु.२८५४.८० दर निर्धारण गरेकोमा भुक्तानीमा रु.५०७७.८५ भएको | १०४.३८ | २२२३.१५ | २३३३७५.८ |
| ८-२०७५/०१/०६ | लप्से हाडे गाडे सडक निर्माणको कडा माटो खन्ने कार्यको दर निर्धारण गर्दा स्वीकृत नर्म्स अनुसार अदक्ष कामदार ०.६ प्रयोग गर्नुपार्नेमा ०.८ प्रयोग गरेको (जिल्ला दर रेट अदक्ष कामदारको रु.६६५) | ५.९८ | १३७ | १६४४.२० |
| ९-२०७५/११/२ | कार्यालयले ज्ञानीखोला सुवेदार पहिरो नियन्त्रण तथा सडक मर्मतको स्टोन सोलिङ कार्यको स्वीकृत नर्म्स अनुसार रु.२८५४.८० दर निर्धारण गरेकोमा भुक्तानीमा रु.५०७७.८५ भएको | ८.३३ | २२२३.१५ | १८५१८.८ |
| | | | **जम्मा** | **२६७७६२.२** |

२४. **अनुदान सहयोग** : कार्यालयको गरिवसँग विश्वेश्वर कार्यक्रम अर्न्तगत कृषकहरुलाई ५ थान हातेट्र्याक्टर खरिद तथा वितरण गर्दा रु.३,२०,०००.०० खर्च लेखेको देखिन्छ । खरीद गरेको हरेक मेशीन, औजार, उपकरणहरुमा स्पष्ट देखिने गरी "नेपाल सरकार वा गाउँपालिकाबाट अनुदान सहयोग प्राप्त" लेख्नु पर्ने तथा सोको कृषकगत अभिलेख खाता राख्नुपर्ने भएतापनि वितरण गरेका मिनी टिलरहरुमा त्यस किसिमको

शब्द लेखिएको छैन भनि व्यवस्थापन पक्षको भनाई रहेकोले वितरण गरेका उपकरण तथा मेशीन, औजारमा नेपाल सरकारको अनुदान सहयोग स्पष्ट देखिने गरी लेख्ने तथा कृषक समुहको अभिलेख बनाई बढी भन्दा बढी कृषिक लाभान्वीत हुने किसिमले वितरण गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

२५. **प्रधानमन्त्री रोजगार कार्यक्रम :** प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिकाअनुसार स्थानीय तह भित्र रहेको वेरोगारहरुको तथ्यांक अध्यावधिक गरी उपलब्ध श्रोत साधन तथा बजेटको अधिकतम् सदुपयोग गरी स्थानीय स्तरमा दिर्घकालिन रोजगारी सिर्जना हुने गरी कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । तर गाउँपालिकालाई यस वर्ष रु.३२,१२,०००.०० बजेट प्राप्त भएकोमा चालुतर्फ मात्र रु.३,०४,६४८.०० खर्च गरेको र बाँकी रकम फिर्ता गरी कार्यक्रम नै संचालन गरेको छैन् । गाउँपालिकाबाट प्राप्त जानकारी अनुसार रोजगार संयोजक उपस्थित नभएको र कार्यक्रम संचालनका लागि गाउँपालिकामा जनशक्ति अभाव भएको प्रतिक्रिया प्राप्त भएको छ ।

२६. **मू.अ.करसमायोजन :**मूल्य अधिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूति गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकतालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भूक्तानी दिने उल्लेख छ । तर गाउँपालिकाले तपसिल बमोजिमका कार्यमा नियमानुसार ५० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित ठेकदार वा आपुर्तिर्तालाई भूक्तानी भएको भू.अ. कर रकम समायोजनको प्रमाण पेश हुने पर्ने रु... ९,५९,२२४/-

| शिर्षक | गो.भौ.न. /मिति | भूक्तानी पाउने फर्मको नाम/विवरण | बिजक रकम ( मू. अ.कर सहित) | मू. अ. कर रकम रु. |
|---|---|---|---|---|
| उर्जा | १-२०७६/३/२९ | सोलार खरिद तथा जडानका लागि नयाँ किरण इनर्जी प्रा.लि. लाई भुक्तानी भएको रु. | ४९७८२४.०० | ३७०३४.०० |
| प्रदेश समानीकरण | २२-२०७६/३/१७ | देवी स्थान निर्माण सेवा एण्ड सप्लायर्सल, स्याले खोला कजवे निर्माण | ४१२३७६६.६३ | ४७४४१५.६३ |
| | २३-२०७६/३/२५ | देवी स्थान निर्माण सेवा एण्ड सप्लायर्सल, सुकुटे उखुवारी-परानकोट -मिलडाँडा-महेन्द्रकाली सडक कटीङ निर्माण | ३८९२१९५.७३ | ४४७७७४.७३ |
| | | **जम्मा** | **८५१३७८६.३६** | **९५९२२४.३६** |

**वित्तिय समानीकरण अनुदान (पुँजीगततर्फ)**

२७. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान खरिद गर्दा खुला बोलपत्रको माध्यामद्वारा, नियम ८४ मा बीस लाख सम्मको सिलबन्दी दरभाउपत्र आव्हान गरी र नियम ८५ बमोजिम पाँच लाख रुपैयासम्म सोझै खरिद गर्न सकिने र सोझै खरिद गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाइने व्यवस्था रहेको छ । कार्यालयले बोलपत्र वा सिलबन्दी दरभाउपत्र माग नगरी देहाय अनुसार कार्य सोझै खरिद गरेको नियसंवत देखिएन । गाउँकार्यपालिकाबाट नियमित हुनुपर्ने रु. ३२६९४५९/-

| भौ.नं. र मिति | खरिद कार्य | निर्माण व्यवसायी/आपुर्तिकर्ता | रकम रु. |
|---|---|---|---|
| २/२०७५/६/११ | साधिगाउँ गुहेखोला नियन्त्रण | विरभक्त निर्माण सेवा | ४,८५,१४४/- |
| ५/२०७५/६/१० | खाडिचौर जिरी सडक मर्मत | फुल्पिङ्गडाँडा निर्माण सेवा | ३,५५,३४९/- |
| ६/२०७५/६/१४ | गुहेखोलो पहिरो नियन्त्रण | एस.एस.एस. निर्माण सेवा | ४,८५,७२७/- |
| १२/२०७५/६/२६ | मिलनडाँडा पहिरो नियन्त्रण | देवीस्थान निर्माण सेवा | ४,८६,३४९/- |
| १३/२०७५/६/२६ | यमुनाडाँडा पहिरो नियन्त्रण | शुभकामना निर्माण सेवा | ४,८३,२७४/- |
| २/२०७५/९/१० | कापिङ पहिरो नियन्त्रण | फुल्पिङ्गडाँडा निर्माण सेवा | ४,८५,९८७/- |
| १२९/२०७६/३/२ | काभ्रेखोला पहिरो नियन्त्रण | भण्डारी एण्ड विल्डर्स | ४,८७,६२९/- |
| **जम्मा** | | | **३२,६९,४५९/-** |

२८. **पदाधिकारीलाई पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ को उपनियम १मा सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम

चाहिने हो त्यसको विवरण पेश गर्नु पर्ने र उपनियम २ मा पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा अन्य व्यक्तिको हकमा सो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना खुलाई पेश्की दिनुपर्ने व्यवस्था छ । त्यसैगरी उपनियम ३ मा यसरी लिएको पेश्की तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । यस गाउँपालिकाले निर्वाचित जनप्रतिनिधीहरुलाई बिभिन्न कार्यक्रमका लागि पेश्की उपलब्ध गराउँदै आएकोमा नियमावलीको व्यवस्था बमोजिम पेश्की लिनुपर्नाको स्पष्ट कारण र चाहिने रकमको विवरण समेत लिने गरेको देखिँदैन । साथै पदाधिकारीहरुले लिएको पेश्की रकम समयमा काम सम्पन्न गरी फछ्र्यौट गर्ने गरेको समेत देखिँदैन । कतिपय पेश्की रकम तोकिएको कामै नगरी नगदै फिर्ता गर्ने गरेको देखियो । निर्वाचित जनप्रतिनिधिलाई प्रयोजन बेगर अनावश्यक पेश्की दिने र समयमा पेश्की फछ्र्यौट नगर्ने कार्यमा यथाशिघ्र नियन्त्रण हुनु पर्दछ । जनप्रतिनिधीहरुलाई पेश्की दिएका केही उदाहरणहरु :

| भौ.नं. र मिति | पेश्की लिने पदाधिकारी | वापत | पेश्की रकम | फछ्र्यौट मिति |
|---|---|---|---|---|
| २-२०७५/४/२२ | गा.पा. अध्यक्ष श्रवण कुमार जि.सी. | वन तथा वातावरण कार्यक्रम | ४००००० | २०७६/३/२७ |
| १-२०७५/६/११ | वडा नं. ६ वडा सदस्य राम कुमार थापा | विद्यालय पोशाक र खेलकुद सामग्री खरिद | ३००००० | २०७५/९/३ |

२९. **खर्चको बिल भरपाई :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका रकम भुक्तानी गर्दा खर्च प्रमाणित गर्ने सामान वितरणको भरपाई पेश गर्नु पर्ने देखिएको रु. — २,२५,३००/-

| भौ.नं र मिति | कामको विवरण | विवरण | खर्च रु. |
|---|---|---|---|
| ९-२०७५/९/१६ | जस्ता पाता खरिद | गाउँपालिका अध्यक्षले बुझेको तर क कसलाई बुझाएको हो वितरण गरेको भरपाई नभएको | १८७५००.०० |
| | त्रिपाल खरिद | | ३७८००.०० |
| | | **जम्मा** | २२५३००.०० |

३०. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । कार्यालयले यो वर्ष देहायका कर्मचरी/निर्माण व्यवसायी/संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नु पर्ने रु. — १४,४०,१०५/-

| ब.उ.शि.नं. | कर्मचारी/उपभोक्ता समिति/संगठित संस्था | पेश्की बाँकी रु. |
|---|---|---|
| **८०१५६२३** | क.अ. प्रविन जि.सी. | १,००,०००/- |
| | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण उ.स. | ५,५३,२०५/- |
| | ठोकर्पा मा.वि. | ७,८५,७००/- |
| | **जम्मा** | **१४,३८,९०५/-** |
| **६५५०१५३** | वडा सचिव राम बहादुर न्यौपाने | १,२००/- |
| | **जम्मा** | **१,२००/-** |
| **कुल जम्मा** | | **१४,४०,१०५/-** |

**वित्तिय समानीकरण अनुदान -चालुतर्फ)**

३१. गाउँपालिकाका अध्यक्षको लागि प्रति महिना रु.१६६०००।-का दरले भाडा भुक्तानी गरी सुनकोशी गा.पा.वडा नं.२ बस्ने गाडी धनी श्री पाण्डव नेपाललाई बार्षिक रु.१९९२०००।-भुक्तानी खर्च लेखेको छ । कार्यालयको कामको प्रकृति र कार्य व्यस्तताको दृष्टिकोणले कार्यालय प्रयोजनको लागि भाडाको सवारी साधन प्रयोग गर्नु भन्दा बार्षिक भाडामा खर्च हुने रकमले सवारी साधन नै खरीद गरी प्रयोग गर्दा मितव्ययी तथा किफायती एवं कार्य प्रकृति अनुकूल हुने देखिन्छ । यस सम्बन्धमा कार्यालयले ध्यान पुर्‍याउनु पर्ने हुन्छ ।

३२. **मर्मत अभिलेख**ः-सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९६ अनुसार मालसामान मर्मत सम्भार गर्ने गराउने कार्यविधिमा कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनुपर्ने र सोको लागत अनुमान तयार गरी स्वीकृत गराउनुपर्ने, पाँच हजार रुपैयाँ भन्दा बढी पर्ने उपकरण वा पार्टपूर्जाको अभिलेख राख्नुपर्ने पार्टपूर्जा

उपकरण प्रतिस्थापन गरीएको कुरा सम्वन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसै गरी चल्ति सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख राख्नुपर्ने प्रावधान रहेकोमा कार्यालयले गाडी मर्मत सम्भार गर्दा म.ले.प.फा.न.२ मा अभिलेख राखेको छैन । जसले गर्दा सवारी साधनको यो बर्षमा मर्मत संभार गर्दा कति खर्च भयो सोको जानकारी हुन सकेन । अत:सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ को कार्यविधि पुरा गरी मर्मत अभिलेख राख्नु पर्ने देखिन्छ ।

३३. **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका पदाधिकारी तथा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्रदेश नं. ३ को प्रदेश सभाबाट पारित भई मिति २०७५ बैशाख १० को प्रदेश राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सभाका सदस्यहरु आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम शुरु गरेको मिति देखि अनुसूचि-१ बमोजिमको सुविधा पाउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाबाट यस वर्ष देहाय बमोजिम रु.४८,५४,000.00 सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | गा.पा.अध्यक्ष | उप प्रमूख | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा दर | ३0000 | २५000 | २0000 | ६000 | ५000 | ३४६000 |
| सञ्चार सुविधा (मासिक दरमा) | १५00 | १000 | ८000 | 0 | 0 | ५८५00 |
| **वार्षिक कुल जम्मा** | **३७८000** | **३१२000** | **३३६000** | **७२000** | **६0000** | **४८५४000** |

३४. **ईन्धनको लगवुक:** कार्यालयले ईन्धन खर्च लेख्दा सबारी लगबुक तयार गरी राख्नु पर्दछ । गाउँपालीकामा रहेका सबारीसाधनहरुको ईन्धनबापतको खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरि केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरी ईन्धन खर्च लेखेको पाईयो । सबारी साधन वाईज लगबुक नराखिँदा ईन्धन खर्चमा नियन्त्रण हुन नसक्ने हुँदा लगबुक तथा ईन्धन कोटा परिमाण तोकि व्यबस्थित रुपले खर्च गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । त्यसका केही उदाहरण निम्नानुसारका छन् ।

| गो.भौ.नं./मिति | खर्च | कैफियत |
|---|---|---|
| १८/२०७५।६।९ | ५१०१८।- | विभिन्न मितिका विल बमोजिम |
| २४९/२०७६।३।२७ | ६०६९५।- | विभिन्न मितिका विल बमोजिम |

३५. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले गो.भौ.नं.२५/२०७५।६।१५ बाट १0000 प्रति कार्यालयको लेटरप्याड छपाई गरेको भनी पीरखा प्रिन्ट हाउस प्रा.लि.काठमाण्डौलाई मिति २०७५।६।८ को विल नं.0१0 को कर विजकको फोटो कपी संलग्न गरी रु.६२१५0।- खर्च लेखेको पाईएकोले सक्कल कर विजक पेश गर्नुको साथै मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नु पर्ने रु.. — ७,१५0/-

३६. गो.भौ.नं.२४६/मिति २०७६।३।२४ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १0२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्न आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गरी स्वीकृत बजेटको परिधि भित्र रहि कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको रकमबाट अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाउने व्यवस्था छ । तर कार्यालयले यसरी अनुदान तथा आर्थिक सहायता प्रदान गर्दा सार्वजनिक हित हुने कार्यमा खर्च गर्नु पर्नेमा गाउँपालिका राष्ट्रिय महासंघ जस्ता संस्थालाई सरकारी बजेटबाट रु.२0000।- अनुदान दिएको छ । यसबाट सरकारी बजेट सहि समूह तथा पक्षलाई प्रदान गरेको देखिदैन । तसर्थ कार्यालयले सरकारी बजेटबाट अनुदान प्रदान गर्दा अनुदान पाउनु पर्ने लक्ष्यीत समुहको सहि पहिचान गरी उपलब्ध गराउने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

| | | |
|---|---|---|
| ३७. | गो.भौ.नं.२६०/मिति २०७६।३।३१ :-आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा रकम भुक्तानी गर्दा स्रोतमा नै १० प्रतिशतका दरले अग्रिम कर कटाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयको २०७६/७७ को नीति तथा बजेट सुनुवाई कार्यक्रम वडा नं.६ को टुकी संघ भवनमा मिति २०७६।३।२४ गतेका दिन संचालन गर्दा २०० जना जनप्रतिनिधिहरु लैजादा र ल्याउदा गाडी चालक वेनी प्रसाद अधिकारीलाई गाडी भाडा बापत रु.७५०००।- भुक्तानी गर्दा नियमानुसार लाग्ने वहालका रु.७५००।- कटाएको नदेखिएकोले असुल गर्नु पर्ने रु.. | ७,५००/- |
| ३८. | गो.भौ.नं.२६२/मिति २०७६।३।३१: स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ अनुसार परिषदद्धारा पारित योजनाहरु गाँउपालीकाले कार्यान्वयन गर्नु पर्दछ । योजनामा थपघट तथा संसोधन गरेमा परिषदको स्विकृति लिनु पर्दछ । कार्यालयको वार्षिक कार्यक्रम अनुसार वन संरक्षण सम्बन्धी कार्यक्रमको लागि रु. ४०००००।-को बजेट व्यवस्था गरेकोमा कार्यालयले उक्त कार्यक्रम नगरी बिधार्थी तथा गायकको सम्मान जस्ता अन्य कार्ययोजनामा गाँउसभाको पूर्वस्वीकृति विना खर्च गरेको छ । यसरी गाउँसभाको स्वीकृत लिई लागत नबढने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गरी खर्च गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **आन्तरिक स्रोत (पूँजिगत) तर्फ** | |
| ३९. | गो.भौ.नं.१३/मिति २०७६।२।१: आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । तर कार्यालयबाट फूटबल प्रतियोगिता संचालनको लागि युथ स्पोर्टस क्लव लामासाघुँलाई रु.१००००००।- अनुदान दिएकोमा उक्त क्लवले अनुदान रकम खर्च गरेको खर्चको विलभरपाई पेश गरेको छैन । त्यसै गरी कार्यालयले अनुदान रकमको अनुगमन समेत गरेको देखिएन । अतः कार्यालयले उपलब्ध गराएको अनुदान रकमको खर्चको विल भरपाई तथा अनुगमन गरेको प्रतिवेदन पेश गर्नु पर्ने देखिन्छ । | |
| | **जेष्ठ नागरिक अनुदान (सामाजिक सुरक्षा) तर्फ** | |
| ४०. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष गाउँपालिकाले रु.४,०१,३८,८३६/- सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-<br>(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन ।<br>(ख) लेखापरीक्षणका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको संख्या यकिन भएको अद्यावधिक विवरण उपलब्ध हुन सकेन ।<br>(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।<br>(घ) हाल स्थानीय तहमा बैकिङ्ग सुविधा उपलब्ध भईसकेको अवस्थामा निर्देशिका अनुसार सम्पूर्ण वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणलाई बैकिङ्ग प्रणालीसँग आवद्ध गरेको छैन ।<br>(ङ) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छैन ।<br>त्यसैले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन गाउँपालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४१. | **बढी भुक्तानी :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७५ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षा को अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरेको देखिन्छ । नमुना परिक्षणको रुपमा यस गाँउपाकिाका वडा नं. ४ र ६ परिक्षण गर्दा तपसिल | ४४,०००/- |

बमोजिमका एकै व्यक्तिको नाममा दोहोरो भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गनुपर्ने रु.

| भरपाईको सि.नं. | नाम | ना.प्र.नं. | वडा नं. | भत्ताको किसिम | किस्ता | चौमासिक दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २५, ३ | जितबहादुर सार्की | ८१२ | ४ | जेष्ट नागरिक/ दलित | तेस्रो | ८००० | ८००० |
| २६, ७१ | झोलमाया श्रेष्ठ | ५/७२२७ | ४ | जेष्ट नागरिक | प्रथम, दोस्रो र तेस्रो | ८००० | २४००० |
| ७, ५ | कान्छीमाया तामांगी | ४०७ | ४ | जेष्ट नागरिक/ विधवा | प्रथम, दोस्रो र तेस्रो | ४००० | १२००० |
| | | | | | जम्मा | २०००० | ४४००० |

## संघिय सशर्त अनुदान तर्फ

### स्वास्थ्य

४२. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान अनुसूर्च- १ को ढाँचामा तयार गर्नु पर्ने व्यवस्था छ । जस अनुसार कन्टिनजेन्सी रकम लागत अनुमानमा समावेश भएतापनि बोलपत्र अंकलाई  तुलना गर्दा लागत अनुमान अंक कन्टिनजेन्सी बाहेकलाई मान्नु पर्ने उल्लेख गरेको छ । तर यस गााउपालिकाले निम्न निर्माण कार्यकोबोलपत्रको सूचना प्रकाशित गर्दा लागत अनुमान अंक समेत  समावेश गरी सूचना प्रकाशित गरेको कारण लागत अनुमानकै हाराहारीमा बोलपत्र स्वीकृत भई कन्टिन्जेन्सी रकम समेत निर्माण व्यवसायीलाई भुक्तानी भएको अवस्था छ । यस प्रकारको लागत अनुमानमा कन्टिन्जेन्सी रकम समेत थप गरी सूचना प्रकाशन गर्न लगाउने प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । निर्माण व्यवसायीलाई निम्नानुसार कन्टिजेन्सी रकम (मू. अ.कर बाहेक) भूक्तानी भएको छ ।

| भौ.नं. र मिति | निर्माण व्यवसायी | निर्माण कार्य | सूचनामा कन्टिजेन्सी समेत थप गरी उल्लेख भएको लागत अनुमान | स्विकृत बोलपत्र | कन्टिजेन्सी रकम भूक्तानी |
|---|---|---|---|---|---|
| २२ २०७६/३/१७ | देवी स्थान सेवा एण्ड सप्लायर्स | श्याले खोला कजवे निर्माण | ३६५४९३४ | ३६४९३५१ | १७४०४४ |
| २३ २०७६/३/१७ | देवी स्थान सेवा एण्ड सप्लायर्स | सुकुटे उँखुबारी पुरानेकोट मिल डाँडा महेन्द्र क्रान्ती सडक निर्माण | ३४५०५२२ | ३४४४४२१ | १६५८६७ |
| जम्मा | | | ७१०५४५६ | ७०९३७७२ | ३३९९११ |

४३. **सञ्चार खर्च :** वार्षिक कार्यक्रमको बुदा नं. ३ मा प्रदेश भित्र कार्य गर्ने महिला स्वयम सेविकाका लागी संचार खर्च सहयोग अन्तरगत प्रति महिला स्वास्थ्य स्वयं सेविकालाई रु. २,५००/- दिने उल्लेख भए अनुसार ५४ जनाको नाममा रु. १,३५,०००/- खर्च लेखेको छ। जसमध्ये शोभा भण्डारी देखी दुर्गा कार्की सम्ममा ९ जना र इश्वरी कार्की देखी नानी मैया कार्की सम्ममा ९ जना समेत १८ जनाको रु. ४५,०००/- को मात्र बुझेका भर्पाइ पेश भएकोले बाँकी ३६ जनाको रकम बुझेको भर्पाई पेश नभएको रु. ९०,०००/-

४४. **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(४) अनुसार खरिद सम्झैता गर्दा लागत अनुमानका १५ प्रतिशत सम्म घटि कबुल गर्ने निर्माण व्यवसायीले आफूले कबोल गरेको अकं को ५ प्रतिशतले हुने रकम कार्यसम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ । उपर्युक्त कबोल अंकमा मू. अ. कर समेत समावेश गरी सो को ५ प्रतिशतले हुने रकम कार्यसम्पादन जमानत लिनु पर्नेमा मु. अ. कर बाहेकको अंकमा मात्र लिने गरेको देखीयो । यसर्थ यस प्रकारको कार्यमा सुधार हुनु पर्दछ । उदाहरण

| निर्माण व्यवसायी | निर्माण कार्य | सम्झौता रकम | लिनुपर्ने कार्यसम्पादन जामानी | लिएको कार्यस्म्पादन | घटि कार्यसम्पादन |
|---|---|---|---|---|---|
| देवीस्थान निर्माण सेवा एण्ड सप्लार्यस | श्याले खोला कजवे निर्माण | ४१२३७६६ | २०६१८८ | १८३००० | २३१८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| देवीस्थान निर्माण सेवा एण्ड सप्लार्यस | सुकुटे आरुबारी पुरानकोट मिलडाँडा महेन्द्रकान्ती सडक | ३८९२१९५ | १९४६०९ | १७३००० | २१६०९ |

४५. वार्षिक कर्याक्रममा स्थानिय तहमा भएको स्वास्थ संस्थाको सुशासन अभिबृद्धि तथा सुदृढीकरण कार्यक्रममा चालु र पुँजीगत समेतवाट रु.७,००,०००/- बजेट व्यवस्था भएकोमा गा.पा.ले भौ.नं. २० मिति २०७६/३/१२ बाट निम्न स्वास्थ संस्थाको नाममा रु.१,००,०००/- को दरले रु. ६,००,०००/- अनुदान उपलब्ध गराएको छ । तर उक्त रकमवाट के कस्तो सुशासन अभिबृद्धी तथा सुदृढीकरण भयो सो सम्बन्धमा अनुगमन प्रतिवेदन प्राप्त भएको देखीएन।

| सि. नं. | स्वास्थ संस्था | अनुदान रकम |
|---|---|---|
| १ | ठोकर्पा स्वास्थ चौकी | १,००,०००/- |
| २ | कालिका स्वास्थ चौकी | १,००,०००/- |
| ३ | यामुना डाँडा स्वास्थ चौकी | १,००,०००/- |
| ४ | देविस्यान स्वास्थ चौकी | १,००,०००/- |
| ५ | थुमपाखर स्वास्थ चौकी | १,००,०००/- |
| ६ | पाङ्गेटार स्वास्थ चौकी | १,००,०००/- |
| **जम्मा** | | **६,००,०००/-** |

## शिक्षा

४६. **विद्यालयगत निकासा खाता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरीअभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नु पर्दछ

४७. **जोड जाम्मा फरक पारी बढि भुक्तानी :** शिक्षकहरुको तलब वापतको रकम माग फारम अनुसार हिसाब गरि भुक्तानी हुनु पर्दछ । कालिका देवीआधारभुत विद्यालय सुनकोशी-७ (खाता नं. ६५७) का २ शिक्षक देवी प्रसाद तिमल्सिना र पुण्य प्रसाद तिमल्सिनाको २०७५ श्रावण देखी असोज र चाडपर्व खर्च समेतको माग फारम अनुसार क्रमश रु. १,१८,९९५/- र रु.९४,६८०/- समेत रु.२,१३,६३५/- भएकोमा गाँउपालिकाले रु. ३,१३,६३५/- निकासा दिएकोले बढी निकासा दिएको रु. १,००,०००/- असुल गरी राजस्व दाखीला हुनुपर्ने रु. १,००,०००/-

४८. **दोहोरो भुक्तानी :** सूर्योदय आ.वि. सुनकोशी-७ पाङ्गेटार(१४६९) का २ शिक्षक प्रा. शि. श्री डम्बर बाहादुर कार्की र प्रा. शि. सुशिला बुढाथोकीलाई प्रथम चौमासिक वापत ०७५ श्रावण देखी कार्तिक सम्मको तलब र चाडपर्व खर्च समेत क्रमश : रु. १,१९,६५०/- र रु. १,१८,८५०/- गरी रु. २,३८,५००/- निकासा दिएकोमा दोश्रो चौमासिक निकासा दिदा पुनः २०७५ कार्तिकको क्रमश : रु. २४,३७०/- र रु. २४,१७०/- गरी रु. ४८,५४०/- दोहोरो भुक्तानी दिएको देखिएको उक्त रकम असुल गरी राजस्व दाखीला हुनु पर्ने रु. ४८,५४०/-

४९. **बढी भुक्तानी :** भूनेश्वरी मा. वि. (खाता नं. ३३) का राहत शिक्षक नि. मा. नि. चुडामणि के. सि. २०७५/५/२७ मा नियूक्ति भएको देखिन्छ । निजलाई प्रथम चौमासिक वापतको रकम निकासा दिँदा भाद्रको रु. ३,४००/- असोज रु. २५,५००/- र दशैं खर्च रु. २३,५००/- समेत रु. ५२,४००/- हुनु पर्नेमा रु.२९,२९०/- भएकोले नपुग रु. २३,११०/- र कातिक देखी पौषको रु.७६,५००/- समेत रु. ९९,६१०/- निकासा दिनु पर्नेमा छुट समेत भनी रु. १,०६,७९४/- निकासा दिएकोले बढी निकासा गएको रु. ७,१८४/- असुल हुनु पर्ने रु. ७,१८४/-

५०. **समानिकरण वाट खर्च लेख्नु पर्नेमा सशर्तबाट लेखेको :** गाँउपालिकाले ३५ वटा बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई मासिक रु. ३,०००/- थप प्रोत्साहन भत्ता गाँउपालिकाको स्रोतवाट खर्च वेहोर्ने गरी दिने निर्णय गरेको देखिन्छ । जस अनुसार निम्न भौचर तथा मितिवाट निम्न रकम प्रोत्साहन भत्ता खर्च लेख्दा गाँउपालिकाको समानिकरण वजेटवाट खर्च लेख्नु पर्नेमा शसर्त अनुदानवाट खर्च लेखेकोले समानिकरणवाट खर्च लेखी उक्त रकम राजस्व दाखीला हुनु पर्ने रु. ५,८५,०००/

| सि.नं. | भौ.नं मिति | खर्च लेखिएको अवधि | खर्च रकम |
|---|---|---|---|
| १ | ३, २०७५/०९/१६ | २०७५ कार्तिक देखि पौष सम्म | २९७०००.०० |
| २ | १०, २०७५/११/२८ | २०७५ माघ देखि चैत्र सम्म | २८८०००.०० |

| | |
|---|---|
| जम्मा | ५८५०००.०० |

५१. **अवकाश पछिको तलव निकासा:** शिक्षकहरु कार्यरत रहेको अवधि सम्मको मात्र तलब भत्ता निकासा दिनु पदर्छ । शिक्षा विकास ताथा समन्वय इकाईवाट प्राप्त विवरण अनुसार निम्न विद्यालयका निम्न शिक्षकहरु निम्न मितिमा अवकाश भएको देखीन्छ । तर तिनीहरुको नाममा अवकाश पछिको निम्न रकम निकासा दिएकोले उक्त रकम असुल गरी राजस्वमा दाखीला हुनु पर्ने देखिएको रु. ८७,०३८/-

| शिक्षकको नाम | विद्यालय | अवकास मिति | निकासा गएको अवधि | बढी निकासा अवधि | मासिक तलब भात्ता | बढी निकासा रकम |
|---|---|---|---|---|---|---|
| प्रा.वि. द्वितीय | सीतादेवी शारदा मा. बी. | २०७५/९/३ | कार्तिक- पौष | पौष २८ | ४६२१६ | ४३२२८ |
| प्रा.वि.द्वितीय लक्ष्मण थापा | कोल्पोङ देवि मा. वि. | २०७५/९/१८ | कार्तिक - पौष | पौष १३ | ३१६९५ | १३७३४ |
| प्रा.वि.द्वितीय | बाघ भैरव मा. वि सुनकोशी | २०७६/२/४ | २०७६जेष्ठ ५ | जेष्ठ २७ | ३३४१८ | ३००७६ |
| **जम्मा** | | | | | | ८७०३८ |

५२. शिक्षा विकास तथा समन्वय ईकाई सिन्धुपाल्चोक चौताराको च. नं. ५१७ मिति २०७५/८/१० को पत्रवाट ४ कोठ भवनको लागी गत वर्ष ०७४/७५मा निम्न विद्यालयलाई रु.१८,००,०००/- का दरले रु.३६,००,०००/- रकम उपलब्ध गराएको र हाल दोश्रो किस्ता वापत रु १८००००० ले ३६००००० भुक्तानी दिन यस गा. पा.मा रकम उपलब्ध गराएकोमा विद्यालयको निम्न रकम वाराबरको कार्य गरेको भनि रकम भुक्तानी लगेको देखिन्छ। तर कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन् :

| भौ. नं. मिति | विद्यालय | कूल खर्च | गतवर्ष दिएको रकम | यस वर्ष भुक्तानी रकम | कूल भुक्तानी |
|---|---|---|---|---|---|
| ६ २०७५/११/६, <br> १३ २०७६/२/१४ | कोलदोङ मा. वि. | ३८२६६६४ | १८००००० | १८००००० | ३६००००० |
| - | गणेश मा.वि. | ३६३०४०५ | १८००००० | १८००००० | ३६००००० |
| | **जम्मा** | **७४५७०६९** | **३६०००००** | **३६०००००** | **७२०००००** |

५३. शिक्षा विभागवाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकामा नमुना विद्यालयमा पुस्तकालय व्यवस्थापन, आई. सी टी. ल्याब व्यवस्थापन, विज्ञान प्रयोगशाला व्यवस्थापन र सुविधा सहितको शैचालय निर्माण वापतको रकम तोकीएको मापदण्डको आधारमा छनौटमा परेको नमुना विद्यालयमा शिक्षा विभागवाट निर्माण गरिएको स्पेसीफीकेसन का आधारमा स्थापना, सञ्चालन र व्यवास्थापनका लागी तोकिएको एकमुष्ठ रकम अनुदान उपलब्ध गराउनु पर्ने र विद्यालयले तोकिएको स्पेसीफीकेसन वमोजिम आवश्यक खरिद, निर्माण र व्यवस्थापन सार्वजनिक खरिद ऐन नियमावली अनुसार प्रकृया पूरा गरी खरिद गर्नु पर्ने उल्लेख छ । तर गाँउपालिकाले उल्लेखीत विषयको रकम एकमुष्ठ विद्यालयको खातामा अनुदान दिनु पर्नेमा सो नगरी सुरुमा ५० प्रतिशत रकम उपलब्ध गराउने र विल भरर्पाई सहितको फाँटवारी पेश गरेपछि मात्र बाँकी ५० प्रतिशत रकम उपलब्ध गराउने गरेको देखियो । तर्सथ यसप्रकारको कार्यमा सुधार हुनु पर्दछ ।

| विद्यालय | विषय | सुरु रकम | अन्तिम भुक्तानी | जाम्मा अनुदान रकम |
|---|---|---|---|---|
| सेती देवी शारदा मा.वि. | विज्ञान प्रयोगशाला व्यवस्थापन | ३२५००० | ३२५००० | ६५०००० |
| भूमेश्वर मा. वि. | विज्ञान प्रयोगशाला व्यवस्थापन | ३२५००० | ३२५००० | ६५०००० |
| सेती देवी मा.वि. | सुविधा सहितको शैचालय | ३२५००० | ३२५००० | ६५०००० |
| गणश मा.वि. | सुविधा सहितको शैचालय | ३२५००० | ३२५००० | ६५०००० |
| जन जागृतिमा. वि. | सूचना प्रविधीको प्रयोग | ३२५००० | ३२५००० | ६५०००० |
| **जम्मा** | | **१६२५०००** | **१६२५०००** | **३२५००००** |

**पशू विकास**

५४. यस वर्ष कृत्रिम गर्भाधानका लागी रु.१,२०,०००/- वजेट विनियोजन भएको देखिन्छ। विनियोजित बजेटवाट गाँउपालिकाले सेतीदेवी भेटेरीनरी सेन्टरको मिति २०७६/३/१२ को विलबाट निम्न सामन खरिद गरी रु.

१,१२,२३७/- खर्च लेखेको छ । गाँउपालिकामा कृत्रिम गर्भाधानको लागी सक्षम जनशक्ति उपलब्ध भएको देखिदैन । साथै श्रेस्ताको लेखापरीक्षणबाट सिमेन प्राप्त भएको समेत नदेखिँदा रकम खर्च गर्ने उद्देश्यले मात्र सामान खरिद गरेको देखिन्छ । तसर्थ यस प्रकारको खरिद कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| सामान | परीक्षण | रकम रु. |
|---|---|---|
| ए आइ सेफरी | १ | ३२००० |
| ए आइ गन | १ | १७५० |
| ए आइ ग्लोब | १० | ७५० |
| ए आइ सिरिञ्ज | १० | ५५०० |
| सर्जिकल सेट | २ | २०००० |
| माइक्रोस्कोप | १ | १७००० |
| फ्रिज | १ | २४९३७ |
| ढुवानी र भ्रमण खर्च | | १०३०० |
| **जम्मा** | | **११२२३७** |

५५. प्राकृतिक नश्ल सुधारका लागी राँगो खरिद गर्दा.पशुपालक कृषक समुह/समितिसँग वा कृषक समुह/समितिको सिफारिसमा सम्बन्धित कृषकसँग खरिद गर्नु पर्ने र वितरण गर्दा समेत पशुपालक कृषक समूह/समितिमा हुनु पर्नेमा सो भएको देखिएन । गाँउपालिकाले लिसंखु पाखर गाँउपालिका वाडा नं. ४ का कृषक गणेश खत्री को मिति २०७६/३/४ को ठाडो भरपाईवाट रु. ६०,०००/- मा राँगो खरिद गरी (रु. ३०,०००/- अनुदान) सुनकोशी -२ ठोकर्पा बस्ने घन बहादुर घले योगी लाई २०७६/३/५ को भर्पाईवाट दिएको देखाई रु. ३०,०००/- अनुदान दिएको छ । तर उक्त खरिद राँगोको स्वास्थ परीक्षण गरिएको देखिएन । त्यसैगरी राँगो लाने कृषकसँग सेवा सुविधाको सम्बन्धमा कबुलियतनामा समेत गरेको छैन । जसको कारण उक्त राँगोवाट पशुपालक कृषकहरुको उचित सेवा प्राप्त गर्न सक्ने अवस्था देखिएन । यस तर्फ गाँउपालिकाले उचित व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

## आन्तरिक आयतर्फ

५६. **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्र/प्रदेशको अनुदानबाट खर्च | आन्तरिक आय | बजेटको तुलनामा आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७९०३२१६२.२४ | १०१९६९१४.४६ | २.६२ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.६२ प्रतिशत मात्र रहेको छ । त्यसैले गाँउपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै जानु पर्ने देखिन्छ ।

५७. **प्रतिस्पर्धा नभएको :** गाँउपालिकाले आफ्नो क्षेत्र भित्र सुनकोशी नदी काभ्रेको सिमाना ठोकार्पा देखी सुनकोशी गाँउपालिकाको पाङ्गेटार सम्मको क्षेत्र (लामोसाँघु जिरी सडकलाई प्रदान गरिएको क्षेत्रदेखी बाहेक) को ढुँगा, गिट्टी, बालुवा उत्पादन बिक्री तथा निकासी कर संकलनको लागी रु. ३९,००,०००/- को लागत अनुमान तयार गरी मिति २०७५/४/११ मा १५ दिने सूचना प्रकाशन गरिएकोमा तोकिएको अवधि भित्र ३ वटा बोलपत्र पेश भएको मध्ये २ वटाले धरौटी नराखेको कारण देखाई बोलपत्र मुल्याङकन समितिमा समावेश नगरी बाँकी १ वटा फूल्पिङ डाँडा विरभक्त जे. भी. सिन्धुपाल्चोकको कबोल अंक रु.३९,५०,०००/- स्विकृत गरेको छ । जसको कारण पर्याप्त प्रतिस्पर्धा हुन सकेको देखिएन। यस सम्बन्धमा निम्न भए गरेको छ ।

(क) प्रदेश आर्थिक विधेयक, २०७५ को दफा ९ मा आर्थिक वर्ष २०७५/७६ मा ढुँगा, चुनढुँगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची-५ बमोजिम शुल्क लगाईने र असुल उपर गरिने भन्ने उल्लेख छ । जसअनुसार ढुंगा, चुनढुँगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल रोडा, घाटगद्दी एंव बिक्री गर्न प्रति घनफीट रु. ९/- उल्लेख छ । यस गाँउपालिकाले लागत अनुगमन तयार गर्दा बिक्री ५००,००० घनफीट र निकासी १००००० घनफीट समेत ६००००० घन फीट को रु. ९/- ले रु. ५४,००,०००/- न्यूनतम बिक्री लागत अनुमान हुनु पर्नेमा रु. ३९,००,०००/- मात्र लागत अनुगमन तयार गरेको सम्बन्धमा

| | | |
|---|---|---|
| | स्पष्ट गर्नु पर्ने देखिन्छ । | |
| | (ख) गाँउपालिकाले रु. ३९,००,०००/- लागत अनुमान तयार गरेपछि सार्वजनिक खरिद निवमावली, २०६४ को नियम ३१ अनुसार बोलपत्रको माध्यमवाट कम्तीमा ३० दिने सूचना प्रकाशित गर्नु पर्नेमा १५ दिने सूचना प्रकाशित गर्नुको कारण स्पष्ट भएन । साथै जसको कारण प्रतिस्पर्धा हुन सकेको देखीएन । | |
| | (ग) गाँउपालिकाले प्रकाशित गरेको सूचनामा अन्तिम किस्ता २०७६ जेष्ठ मसान्त भित्र बुझाउनु पर्ने उल्लेख भएकोमा मिति २०७५/५/१५ मा सम्बन्धित निर्माण व्यवसायी(संकलक) संग भएको सम्झौतामा अन्तिम किस्ता २०७६ असाढ मसान्त सम्म बुझाउनु पर्ने गरी सम्झौता गरेको देखिएकोले सम्बन्धित निर्माण व्यवसायीलाई अनावश्यक सुविधा दिएको देखिएको छ । यस सम्बन्धमा स्पष्ट गर्नु पर्ने देखिन्छ । | |
| | (घ) सूचनाको बुदा नं. ३ मा सम्बन्धित व्यवसायीले मूल्य अभिबृद्धि कर आन्तरिक राजस्व कार्यालयमा बुझाइ सोको प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । तर निज व्यवसायीले सकार मूल्य रु.३९,५०,०००/- को १३ प्रतिशतले हुने रु. ५,१३,५००/- आन्तरिक राजस्व कार्यालयमा बुझाएको नदेखिएको रु. | ५,१३,५००/- |
| | (ङ) सूचनाको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुको बुदा नं. ३मा संकलन गर्दा करदातालाई दिईने भर्पाईमा ठेकेदारले आफैले छाप लागाई सुनकोशी गाँउपालिकामा प्रमाणित गराई प्रयोग गर्ने उल्लेख भएकोमा सो अनुसार भर्पाई प्रमाणित गरेको देखिएन । | |
| ५८. | (च) सूचनाको बुदा नं. ४ मा माथि बुदा नं. ३ मा उल्लेख गरेको रसिदहरुवाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मू. अ. करको हिसाब निकाल्नका लागी रसिद नम्बरको क्रमअनुसार लेखाङ्कन गरी खाता र रसिद अर्धबार्षिक रुपमा गा. पा. मा बुझाउनु पर्ने उल्लेख भएको छ । तर सो अनुसार रसिद प्रमाणित गरेको वा पेश गरेको देखिएन । | |

**अनुसूची - १**

## सुनकोशी गाउँपालिकाको सञ्चित कोष विवरण
### २०७५/७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | सुनकोशी गाउपालिका | सिन्धुपाल्चोक | ८९४१ | ११२९६३ | २०३८९७ | ६३४२८ | ३८०२८८ | १८२८१८ | १७७३४२ | १२४१२ | ३७२५७२ | १६६५७ |

**अनुसूची- २**

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### आर्थिक वर्ष २०७५/७६

(रु.हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सुनकोशी गाउपालिका | सिन्धुपाल्चोक | ५१ | १४ | ७३८६ | ० | ० | ० | ५१ | १४ | ७३८६ | २९७ | ३२६९ | २३८० | ० | ० | ५६४९ | १०१ | १३३९ | १४४० |

**अनुसूची– ३**

## अद्यावधिक बेरुजू स्थिति

(रु.हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प. बाट कायम | यस वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुनकोशी गाउपालिका | सिन्धुपाल्चोक | १३४७६ | ० | १३४७६ | ० | ७३८६ | २०८६२ |